**बैठक संख्याः २०८३।०८४ – ०१**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।

मिति र समयः वि. स. २०८४ साउन १४ गते बिहिबार समय - ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | युवराज शालिग्राम | अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश २०७३

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८३/०८४/१

मिति : २०८३/०४/१४

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) अघिल्लो कार्यपालिका बैठको समिक्षा सम्बन्धमा ।

२) शिक्षा समिति गठन सम्बन्धमा ।

३) अपाङ्ग समन्वय समिति गठन सम्बन्धमा ।

४) निकासी कर ठेक्का सम्बन्धमा ।

५) आ.व.**०८३/०८४ को गा.पा.** दररेट सम्बन्धमा ।

६) पालिका भित्र रहेका मोटर मार्गमा परेका खाल्टा पूर्ने सम्बन्धमा ।

७) विपद घर धुरी सम्बन्धमा ।

८) औषधी तथा औषधी जन्य सामाग्रीको दररेट सम्बन्धमा ।

९) नयाँ योजना कार्यान्वयन सम्बन्धमा ।

१०) विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुमा छलफल साथै प्रगति समिक्षा गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिकाको शिक्षा क्षेत्र विषय कार्यहरु सम्पादन गर्नका लागि गाउँपालिकाका सदस्यहरुमध्येबाट वडा अध्यक्ष श्री भिम बहादुर कुमाल र कार्यपालिका सदस्य श्री पार्वती वि.क.लाई शिक्षा समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ पहिलो संशोधन २०७५ को परिच्छेद -९ दफा ४२ को उपदफा २ अनुसार यस घिरिङ गाउँपालिकामा गठन भएको स्थानीय अपाङ्गता समन्वय समितिको म्याद समाप्त भएकोले मिति २०७९श्रावण तथा २०८१ श्रावणमा गठीत तथा पुर्नगठीत समन्वय समितिलाई २०८५ श्रावण सम्मका लागि निरन्तरता दिने निर्णय गरियो

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

[...]बहादुर थापा
अध्यक्ष

साथै सोही ऐनको उपदफा -२ खण्ड ख बमोजिम चयन हुने कार्यपालिकाको पहिला सदस्य समन्वय समितिको सदस्य रहने व्यवस्थाको हकमा आगामी स्थानीय निर्वाचन पछि सोही बमोजिम हुने गरी व्यवस्था हुने समेत निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यसै गाउँपालिका वडा नं.५ देउरालीमा रहने निकासी कर सम्बन्धमा कम्तीमा रु.२,७०,०००।०० (अक्षरुपी दुई लाख सत्तरीहजार ) मात्र न्यूनतम रकम रहने गरी निकासी कर ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को प्रस्तावीत दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा आउँदा चाडबाड साथै यात्रुहरुको सुविधाका लागि पालिका भित्र रहेका मोटर मार्गमा परेका खाल्टा पूर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा पालिका स्तरीय विपद समितिबाट छनौट भै आएका विपद घर धुरीहरुलाई जिल्ला विपद समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को औषधी जन्य सामाग्रीहरुको प्रस्तावीत दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को गाउँसभाबाट छनौट भएका योजनाहरु सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

[illegible] बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीघाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत